# नेपाली शिक्षा दर्शनाचार्य तहका विद्यार्थीको शैक्षिक सङ्घर्ष, चुनौती र अनुभूति

*भागिरथा न्यौपाने*
*त्रि.वि., सानोठिमी क्याम्पस, भक्तपुर*
*bhagiratha.neupane@sac.tu.edu.np*

***लेखसार***

*यस लेखमा त्रिभुवन विश्वविद्यालयको दर्शनाचार्य तहको नेपाली शिक्षाअन्तर्गत प्रथम सेमेस्टरमा अध्ययनरत विद्यार्थीको शैक्षिक गतिविधिसम्बन्धी अनुभूतिका अन्तर-कुन्तर खोतल्ने उद्देश्य राखिएको छ । नेपाली शिक्षा विषयका विद्यार्थीहरूको शैक्षिक अनुभव कस्तो छ, उनीहरूले कस्ता-कस्ता शैक्षिक चुनौतीहरू भोगिरहेका छन् र उनीहरूको शैक्षिक सङ्घर्ष कसरी अघि बढिरहेको छ भन्ने प्रश्नहरूमा यो लेख केन्द्रित रहेको छ । भर्चुअल अन्तर्वार्तालाई सूचना सङ्कलनको मुख्य साधन मानेर सहभागीका भोगाइ तथा अनुभूतिहरूलाई सङ्लन गरिएको छ । सहभागीबाट लिइएका चारओटा अन्तर्वार्ता र ती अन्तर्वार्ताका सूचनाबाट तीनवटा मुख्य शीर्षक बनाई सहभागीका भनाइहरू समेटेर विश्लेषण गरिएको छ । नेपाली शिक्षाका विद्यार्थी प्रविधि र अङ्ग्रेजी भाषाको प्रयोगमा कमजोर रहेका हुनाले शिक्षण सिकाइमा समस्या देखिएको छ । प्रविधिसम्बन्धी समस्या विद्यार्थीमा मात्र होइन शिक्षकमा पनि पाइएको छ । दर्शनाचार्य तहमा विषयवस्तुको व्यापकता रहेको र त्यसलाई आलोचनात्मक ढङ्गले विश्लेषण गर्नुपर्ने, एकै समयमा धेरै काम गरी समयमै बुझाउनुपर्ने जस्ता कामको चापका कारण विद्यार्थीमा मानसिक दबाब र चिन्ता उत्पन्न भएको छ । प्रायजसो अङ्ग्रेजी भाषामा मात्र पाठ्यसामग्री पाइने भएका कारण अङ्ग्रेजी कमजोर भएका विद्यार्थीलाई सामग्री सङ्कलन तथा तिनको अध्ययन र विश्लेषण गर्ने कार्य चुनौतीपूर्ण रहेको हुनाले कक्षा सहभागितामा उनीहरू पछि परेको देखिन्छ । अध्ययन, अनुसन्धान र अध्यापनको कार्यशैलीलाई शिक्षक र विद्यार्थी दुवैले समयअनुसार परिवर्तन गर्दै र अध्ययन, अनुसन्धानको दायरालाई फराकिलो बनाउँदै शिक्षण सिकाइलाई प्रभावकारी बनाउन आवश्यक भएको निचोड यस लेखको छ ।*

**शब्दकुञ्जी** : उच्च शिक्षा, कार्यभार, नैतिक सङ्कट, प्रविधिसम्बन्धी समस्या, भाषिक चुनौती

## पृष्ठभूमि

प्रत्येक व्यक्तिका आफ्नै किसिमका जीवन गाथा, घटना र कथा हुन्छन् । उनीहरूको व्यक्तिगत जीवनका भोगाइ र अनुभूतिहरू पनि पृथक्-पृथक् हुन्छन् । व्यक्तिका कथा/गाथा केलाएर व्यक्ति र समाजसम्बन्धी तथा विविध घटनासम्बन्धी महत्त्वपूर्ण जानकारी र ज्ञान प्राप्त गर्न सकिन्छ । विविध घटना तथा अनुभव र अनुभूतिमध्ये विशिष्ट प्रकारका अनुभवहरूलाई अध्ययनको आधार बनाउन सकिन्छ । कोल्स (सन् १९८९) का अनुसार जीवनमा अनुभव गरेका विविध जटिल भोगाइलाई हाम्रो दिमागमा समाहित गर्ने र हामीले प्राप्त गरेका जागरुकता तथा विविध भोगाइहरूलाई भाषामा समावेश गर्ने कार्य कुनै पनि सिद्धान्त अथवा विचारको प्रणालीबाट पनि यो काम गर्न सकिन्न तर कथाबाट गर्न सकिन्छ (पृ. १२८) । न्यारेटिभ खोज विधि समाजविज्ञानका विविध क्षेत्रमा अनुसन्धान गर्नका लागि महत्त्वपूर्ण छ । मानिस कथा भएको, कथा बनाउने र कथा भन्ने प्राणी हो; जुन व्यक्तिगत र सामाजिक रूपमा जीवन भोगाइका कथाहरू लिएर बाँचेको हुन्छ (कोन्नेली र क्लान्डिनिन, सन् १९९०, पृ.२) भन्ने दर्शनमा न्यारेटिभ खोज आधारित छ । व्यक्तिका अन्तरकुन्तरहरू खोतल्ने हो भने अध्ययनका मार्गहरू प्रसस्तै भेटिन्छन् । अध्ययनका क्षेत्रहरू प्रशस्त भए पनि नेपाली भाषामा आवश्यक मात्रामा अध्ययन, अनुसन्धान हुन सकेका छैनन्, भएका अनुसन्धान पनि सकारात्मकताबाट माथि उठेर अनुसन्धानका क्षेत्रमा खासै नयाँपन ल्याउन सकेका देखिँदैनन् ।

यो अनुसन्धान त्रि.वि. दर्शनाचार्य तहको प्रथम सेमेस्टरको नेपाली शिक्षामा अध्ययनरत विद्यार्थीहरूको शैक्षिक समस्यासम्बन्धी अनुभव र अनुभूतिमा आधारित रहेको छ । सबै विषयका विद्यार्थीहरूले अनुभव गरेका चुनौतीहरूमा धेरै समानता भए पनि नेपाली विषयका विद्यार्थीमा अझ बढी चुनौती देखिएका छन् । लेखक स्वयं नेपाली शिक्षा विषयकै विद्यार्थी भएको नाताले लेखकका पनि आफ्नै प्रकारका अनुभवहरू छन् । दर्शनाचार्य अध्ययन गर्दा एकातिर शिक्षकहरूले दिएका कार्य समयमा पूरा गर्नुपर्ने चटारो र अर्कातिर अनिवार्य विषय अध्ययनको सिलसिलामा आइपर्ने भाषिक समस्याका साथसाथै प्रविधिसम्बन्धी विभिन्न समस्याका कारण विद्यार्थीहरू तनावबाट गुज्रिरहेका हुन्छन् । उनीहरूका यस्ता विविध भोगाइलाई नजिकबाट नियाल्नका लागि न्यारेटिभ खोज गर्दा उनीहरूभित्रका वास्तविक अनुभवहरू पत्ता लगाउन सहज हुन्छ । विद्यार्थीले अनुभूति गरेका समस्याहरू समाधान गर्ने दिशातिर अग्रसर हुन शैक्षिक व्यवस्थापनलाई

अन्तर्दृष्टिसमेत प्राप्त हुन्छ भन्ने मान्यताअनुरूप यो न्यारेटिभ अध्ययन गर्न खोजिएको हो ।

विदेश गएर पढ्ने उच्च शिक्षामा अध्ययनरत विद्यार्थीहरूका अनुभव तथा भोगाइका सम्बन्धमा अध्ययनहरू भए पनि नेपालभित्रका उच्च शिक्षामा अध्ययनरत विद्यार्थीहरूको वास्तविक भोगाइ तथा अनुभूतिमा आधारित अध्ययनहरू हालसम्म भएको भेटिएन । विद्यार्थीका अनुभव र भोगाइमा आधारित यसप्रकारका अध्ययनले सम्बन्धित निकायहरूलाई सम्भावित समस्याप्रति पूर्वसचेत रही सोहीअनुसारका व्यवस्था (अभिमुखीकरण कार्यक्रम, विशेष कक्षा सञ्चालन ...) मिलाउन र व्यवस्थापन गर्न सहज तुल्याउँछ । त्यस्तै शिक्षकलाई शिक्षण सिकाइ सञ्चालन गर्न र पूर्वतयारीसहित अध्ययन सुरु गर्न एवं विद्यार्थीलाई शिक्षण कार्यप्रति सचेतन बनाउन यो लेख सम्बन्धित सबैका लागि उपयोगी हुन सक्छ ।

## अनुसन्धान प्रश्न

यो आलेख निम्न अनुसन्धान प्रश्नमा केन्द्रित रहेको छ :

- नेपाली शिक्षा विषयका विद्यार्थीहरूको शैक्षिक अनुभव कस्तो छ ?
- उनीहरूको शैक्षिक सङ्घर्ष कसरी अघि बढिरहेको छ ?
- उनीहरूले केकस्ता चुनौतीहरू भोगिरहेका छन् ?

## पूर्वकार्यको समीक्षा

यस अध्ययनसँग सम्बन्धि अध्ययनहरू नेपाली परिवेश र नेपाली भाषामा नपाइए पनि केही विदेशी अध्ययनहरूलाई सङ्क्षिप्त रूपमा प्रस्तुत गरिएको छ :

आगोला र अन्गोरी (सन् २००९) ले बोत्स्वाना विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीहरूले अनुभव गरेका शैक्षिक तनावका कारण, लक्षण र प्रभावको अध्ययन गरेका छन् । त्यसमा शैक्षिक कार्यभार, सन्दर्भसामग्रीको अपर्याप्तता लगायतका कारणहरूले तनाव उत्पन्न हुने र यसले उनीहरूको सिकाइ उपलब्धिमा असर पर्ने कुरा उल्लेख गरिएको छ । यसैगरी कौर र सिधु (सन् २००९) ले मलेसियाका स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरूको सिकाइ अनुभवसँग सम्बन्धित अनुसन्धान गरेका छन् । यसमा उच्च शिक्षाका विद्यार्थीहरूले भाषिक समस्याका साथै विभिन्न किसिमका चुनौतीको सामना गरिरहेका हुनाले उनीहरूका कठिनाइलाई कम गर्न शिक्षण सिकाइमा विविधता

ल्याउनु आवश्यक छ भन्ने सुझाव प्रस्तुत गरिएको छ । दोइगन र ग्युलेक (सन् २०१२) ले इन्डोनेसियाका विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीहरूबाट प्रश्नावली र व्यक्तिगत सूचना फारममार्फत तथ्याङ्क सङ्कलन गरी विद्यार्थीहरूले अनुभव गरेका विविध समस्याहरू पहिचान गरेका छन्; जसमा मानसिक चिन्ता पनि प्रमुख समस्या बनेको देखिन्छ । यस्तै म्याक फर्सन, पन्च र ग्राहम (सन् २०१७) ले स्कटल्यान्डका विश्वविद्यालयको स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थी र शिक्षकबाट गुणात्मक सूचना सङ्कलन गरी प्राप्त प्राथमिक सूचना र द्वितीय स्रोतका सामग्रीको विश्लेषण गरी आफ्ना धारणा पेस गरेका छन् । उनीहरूका मतमा विद्यार्थीहरू लेख्ने, पढ्ने, असाइनमेन्ट गर्ने कार्यका साथै पुस्तकालयको प्रयोग तथा समय व्यवस्थापनसम्बन्धी पनि कठिनाइ महसुस गर्छन् ।  विद्यार्थीहरूलाई अत्यधिक कामको बोझले मानसिक चिन्ता थपिने हुन्छ; जसका कारण उच्च शिक्षा चुनौतीपूर्ण हुने र यसले विद्यार्थीलाई तनावग्रस्त, चिन्तित र निराश बनाउने गर्दछ । यसैगरी इब्रागिमोभा र ताराशोभा (सन् २०१८) ले रसियामा अध्ययनरत अन्तर्राष्ट्रिय विद्यार्थीहरूले अनुभव गरेका भाषिक समस्याहरू र तिनले उनीहरूको शैक्षिक उपलब्धिमा पारेका प्रभावको अध्ययन गरेका छन् । उनीहरूले भाषाकै कारण विद्यार्थीहरूले विविध समस्याको सामना गर्नुपरेको र यसले उनीहरूको शैक्षिक उपलब्धिमा प्रत्यक्ष प्रभाव परेको कुरा उल्लेख गरेका छन् । लरेन्सेल र स्कानलेन (सन् २०१८) ले क्यानडामा अध्यापनरत १५ जना नर्सिङ शिक्षकहरूसँग अर्धसंरचनात्मक प्रश्नावलीको माध्यमबाट अन्तर्वार्ता लिई विद्यार्थीका सिकाइ अनुभवसम्बन्धी सूचना सङ्कलन गरी विश्लेषण गरेका छन् । उनीहरूका अनुसार उच्च तहमा अध्ययन गर्ने विद्यार्थीले काम र अध्ययनबिच तथा घरव्यवहार र अध्ययनबिच सन्तुलन कायम राख्नुपर्ने मात्र होइन समयमै पाठ्यांश पूरा गर्नुपर्ने दबाब लगायतका चुनौतीहरूको सामना गर्नुपरेको हुन्छ । यसैगरी रेड्डी, मेनन र ठाट्टिल (सन् २०१८) ले चिन्ता मापन स्केलको माध्यमबाट विद्यार्थीमा पर्ने प्राज्ञिक दबाबको अध्ययन गरेका छन् । उनीहरूका अनुसार उच्च तहमा अध्ययनरत सबै विद्यार्थीहरूले शैक्षिक दबाब अनुभव गर्दछन् र यसले उनीहरूको व्यक्तिगत तथा शैक्षिक जीवनमा नकारात्मक प्रभाव पार्ने भएकाले व्यक्तिगत, सामाजिक तथा संस्थागत पहलमार्फत मानसिक चिन्ता कम गराउनु आवश्यक छ । लटन (सन् २०१९) ले पनि सामाजिक तथा प्राज्ञिक दबाबका कारण उच्च शिक्षा जुनसुकै विद्यार्थीका लागि चुनौतीपूर्ण हुने कुरा बताएकी छन् । उनका अनुसार युनि हेल्थ (Uni Health) ले गरेको एक अध्ययनअनुसार उच्च शिक्षामा अध्ययन गर्ने ८०% विद्यार्थीहरूमा तनाव र चिन्ता पाइएको छ भने अर्को एक सर्वेक्षण (NUS survey) ले

प्रत्येक १० जना विद्यार्थीमध्ये ९ जनाले तनाव महसुस गरेको देखाएको छ । यसैगरी बारबायनिस, बन्दारी, भेङ, बाकेरिसो, पेकोर र मिङ (सन् २०२२) ले कोभिड –१९ को सन्दर्भ समेतलाई जोडेर क्याम्पस पढ्ने विद्यार्थीमा पर्ने शैक्षिक दबाब र मानसिक स्वास्थ्यसम्बन्धी अध्ययन गरेका छन् । यस अध्ययनबाट पाठ्यांशका परियोजना कार्य, असाइन्मेन्ट पूरा गर्नुपर्ने अनि राम्रो ग्रेड ल्याउन पर्ने लगायतका कारणले उनीहरूमा शैक्षिक दबाब सिर्जना हुने र यसले मानसिक स्वास्थ्यमा पनि प्रत्यक्ष प्रभाव पार्ने देखिएको उल्लेख छ ।

उच्च शिक्षामा अध्ययनरत विद्यार्थीको अनुभवमा आधारित अनुसन्धानहरू भेटिन्छन् तर ती अनुसन्धान विदेशी लेखकले सोही परिवेशमा आधारित भएर गरेका मात्र पाइएका छन् । नेपाली परिवेशमा नेपाली अनुसन्धाताहरूले यस क्षेत्रमा आधारित भई गरेका अनुसन्धानहरू नपाइएको हुनाले यस अनुसन्धानमार्फत दर्शनाचार्य तहका नेपाली शिक्षाका विद्यार्थीका शैक्षिक अनुभव, सङ्घर्ष र चुनौतीहरू केलाउन खोजिएको छ ।

## सूचना सङ्कलन र विश्लेषण विधि

यस अध्ययनमा गुणात्मक अनुसन्धान ढाँचाको न्यारेटिभ खोज विधि प्रयोग गरिएको छ । 'यो यस्तो गुणात्मक अनुसन्धान विधि हो; जसमा अनुसन्धानकर्ताले एक वा एकभन्दा बढी व्यक्तिको जीवनी, अनुभव तथा घटनाको विवरण, विश्लेषण र त्यसबाट निस्किएको सार अर्थ प्रस्तुत गर्छ' (खनाल, २०७४, पृ. ३१८) । यस अध्ययनका लागि दर्शनाचार्य तहमा अध्ययनरत नेपाली शिक्षा विषयका पाँच जना विद्यार्थीलाई छनोट गरिएको थियो तर यो लेख विद्यार्थीका चुनौतीहरूसँग केन्द्रित भएको हुनाले दुर्गम क्षेत्र, पारिवारिक, व्यक्तिगत, शैक्षिक, भाषिक र प्रविधिसम्बन्धी विविध कठिनाइहरूलाई हेर्दा दुई इच्छुकमध्ये रमेश ( नाम परिवर्तन) का कथामा अध्ययनको विषयवस्तु अझ बढी नै पाइएको हुनाले उनलाई नै यस अध्ययनको मुख्य सहभागीका रूपमा छनोट गरिएको छ । सहभागीका भाषागत र प्रविधिगत जटिलता, मानसिक चिन्ता र अनुभूतिहरू यस अध्ययनका सूचना हुन् । सूचना सङ्कलनको समयमा कोभिड १९ को असहज परिस्थितिका कारण प्रत्यक्ष भेटघाट र कुराकानी हुन नपाएको र दैनिक टिपोट लेखेर पठाउन पनि सहभागीलाई प्रविधिसम्बन्धी कम जानकारी भएको हुनाले भर्चुअल अन्तर्वार्तालाई मात्र सूचना सङ्कलनको साधन मानिएको छ । गुणात्मक अनुसन्धानकर्ताले पालन गर्नुपर्ने गोपनीयताका सबै नियमहरू तथा नैतिक आचरणको पनि पालना गर्दै सहभागी र अन्तर्वार्ताका क्रममा आएका सम्पूर्ण शिक्षक तथा विद्यार्थीको नाम परिवर्तन गरी गोप्य राखिएको छ ।


सहभागीसँग लिइएका चारओटा अन्तर्वार्तालाई मोबाइल फोनमा रेकर्ड गरी त्यसलाई जस्ताको तस्तै नेपाली भाषामा लिपिबद्ध गरिएको र प्राप्त सूचनालाई तल उल्लेख गरिएअनुसार विश्लेषण गरिएको छ । पहिलो अन्तर्वार्ता शैक्षिक पृष्ठभूमि र पारिवारिक वातावरणसँग सम्बन्धित रहेको छ भने दोस्रो, तेस्रो र चौथो अन्तर्वार्ताहरू दर्शनाचार्यको अनुभव र अनुभूतिसँग सम्बन्धित रहेका छन् ।

अनुसन्धान समस्या र प्रश्नअनुसार पटक-पटक सूचनालाई पढेर सामान्य आगमनात्मक विधि (थोमस, सन् २००६) को प्रयोग गरी विश्लेषण गर्दा चारओटा अन्तर्वार्तालाई एक आपसमा तुलना गरिएको हुनाले केही मात्रामा निरन्तर तुलना विधि (ग्लासेर र स्ट्राउस, सन् २००६) पनि यस लेखमा प्रयोग गरिएको छ । बोइजे (सन् २००२) का अनुसार गुणात्मक अनुसन्धानमा तुलनात्मक प्रक्रियाको चक्र एक निश्चित बिन्दुमा नपुगेसम्म चलिरहनुपर्छ (पृ.३९३) । त्यसैले यहाँ सूचनालाई पटकपटक पढ्ने, एकसँग अर्को अन्तर्वार्ता तथा एउटै अन्तर्वार्ताका विभिन्न अंशहरूबिच तुलना गर्ने, पुनर्विचार गर्ने, मूल्याङ्कन गर्ने जस्ता कार्यहरू गरेपछि सूचनाले निश्चित स्वरूप लिएको छ । परिमाणात्मक अनुसन्धानमा जस्तो निश्चित ढाँचा तथा प्रक्रिया गुणात्मक अनुसन्धानमा नभए पनि विभिन्न अनुसन्धानकर्ताले प्रयोग गर्ने भिन्नभिन्न प्रक्रियामध्ये यस लेखमा प्रयोग गरिएको ब्राउन र क्लार्क (सन् २००६) को विश्लेषणको प्रक्रियालाई चित्र १. मा प्रस्तुत गरिएको छ ।




*चित्र १.* विश्लेषण प्रक्रियाका चरणहरू

सर्वप्रथम लिपिबद्ध गरिएका प्रत्येक अन्तर्वार्ताका हरेक अनुच्छेदबाट आवश्यकता अनुसार कोडिङ गरिएको छ । सम्पूर्ण कोडहरू जम्मा ३१४ वटा थिए । त्यसमा अध्ययनको उद्देश्यसँग सान्दर्भिक नभएका, उस्तै भएका र आशय दोहोरिएका कोडहरूलाई हटाउँदा १६७ वटा कोडहरू बनेका थिए । ती कोडहरूलाई पाँच समूहमा विभाजन गरी छुट्याइएका कोडहरूमा पनि केहीलाई एकआपसमा समावेश गरेर घटाई ३६ वटा बनाइएको थियो र अन्त्यमा पाँचवटा कोड समूहलाई पनि मिल्नेमिल्ने एक ठाउँमा गाभेर तीन समूह बनाइएको छ र ती कोडहरूलाई अनुसन्धानको उद्देश्य तथा अनुसन्धान प्रश्नअनुसार मिल्ने गरी अझ छाँटकाँट गरेर १४ वटा बनाइएको छ । तीन वटा कोड समूहलाई नै मुख्य शीर्षक (ग्लोबल थिम) का रूपमा राखिएको छ । यसरी कोडहरूबाट तयार पारिएका मुख्य शीर्षक (ग्लोबल थिम) र उपशीर्षक (थिम) हरूलाई चित्र २. मा प्रस्तुत गरिएको छ ।




*चित्र २.* कोडबाट निर्मित मुख्य शीर्षक र उपशीर्षकहरू

यस अध्ययनमा निर्माण गरिएका मुख्य शीर्षकहरू र ती शीर्षकहरूमा समाविष्ट शीर्ष तत्त्वहरूलाई परिणाम र छलफल खण्डमा विश्लेषण गरिएको छ ।

## परिणाम र छलफल

रमेशले दर्शनाचार्य तहमा अध्ययन गर्दा भोगेका शैक्षिक सङ्घर्ष, चुनौती र अनुभूतिका घटनालाई यस खण्डमा विश्लेषण गरिन्छ । न्यारेटिभ खोजमा कथावाचक व्यक्तिको ऐतिहासिक, सामाजिक, सांस्कृतिक र परिवेशगत पृष्ठभूमिको महत्त्व हुने कुरालाई क्रेसवेल (सन् २००७) ले जोड दिएका छन् । त्यसैले यस न्यारेटिभ खोजको विश्लेषण गर्नुपूर्व कथावाचकको शैक्षिक पृष्ठभूमिलाई सङ्क्षेपमा प्रस्तुत गरिएको छ ।

## सहभागीको पृष्ठभूमि

रमेशको शैक्षिक यात्राको कथालाई मूल्याङ्कन गर्दा उनी मध्यम प्रकृतिका विद्यार्थी हुन् । स्नातकोत्तर सकेर आफ्नो जिल्लाकै एक क्याम्पसमा अध्यापनरत रहेको अवस्थामा शैक्षिक तालिम कार्यक्रममा आएका बेलामा केही साथीहरू र आफ्ना दुईजना गुरुहरूको प्रेरणास्वरूप दर्शनाचार्य पढ्ने उत्साह मिलेको उनी बताउँछन् । उनको शैक्षिक यात्रालाई सङ्क्षेपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

दुर्गम गाउँ र सामान्य पारिवारिक पृष्ठभूमि भएका रमेशले सात वर्षको उमेरमा औपचारिक शिक्षाको थालनी गर्नुपूर्व हजुरबुबाबाट कखरा (क, ख ...' र 'अ, आ...) र बाह्रखरी सिकेका थिए । सानैमा मातृस्नेहबाट वञ्चित उनको पालनपोषण हजुरबुबा र हजुरआमाले गर्नुभयो । गाउँले परिवेश, हजुरबुबाबाहेक परिवारका अन्य सदस्यहरू साक्षर नभएका कारण परिवारमा 'पढ्नु पर्दैन' भन्ने मान्यता थियो । यसै सन्दर्भमा सात कक्षा उत्तीर्ण गरिसकेपछि उनलाई विवाहका लागि पारिवारिक दबाब आएको कुरा उनी बताउँछन् तर उनले परिवारको कुरालाई बेवास्ता गरी अध्ययनलाई नै निरन्तरता दिए । अध्ययनको सिलसिलामा उनले सुरुदेखि स्नातकोत्तर तहसम्म क्याम्पस पढ्दै घर नजिकैको स्कुलमा अध्यापन पनि गरे । त्यसपछि दर्शनाचार्यमा अध्ययन गर्नका लागि त्रि.वि.को नेपाली शिक्षामा भर्ना भए तर कोभिड १९ को महामारीका कारण दर्शनाचार्यको अनलाइन कक्षा सुरु भएपछि प्रविधि र भाषासम्बन्धी समस्याका कारण अनिद्रा बढेर मानसिक चिन्ता थपिए तपनि उनले बिस्तारै अध्ययन गर्ने बानी पर्दै गएको बताएका छन् । उनी भन्छन्, "प्रविधि र भाषासम्बन्धी ज्ञानबिना उच्च शिक्षा अध्ययन गर्न असम्भव रहेछ, विद्यार्थी सधैँ समयअनुसार परिवर्तन हुनै पर्छ" ।

## दुर्गमता र प्रविधिसम्बन्धी समस्या

दुर्गम स्थानको बसाइ त्यसमा पनि कोभिड १९ को असहज परिस्थितिमा बाध्यतावश मोबाइल फोनमार्फत अनलाइन कक्षामा सामेल हुँदा बेलाबेला रमेशलाई मोबाइल चार्ज गर्नका लागि पनि समस्या परेका कारण कहिलेकाहीँ कक्षामा जोडिन गाह्रो हुन्थ्यो । मोबाइल डाटा प्रयोग गरी अनलाइनमा सामग्री खोज्दा बिचैमा इन्टरनेट काटिने र नचल्ने गरेको उनको दुःखेसो छ । आफ्नो कक्षामा सहभागी हुँदाका समस्या उनी यसरी सुनाउँछन् : "हामीजस्तो टाढा बस्ने, बाहिर बस्नेको लागि चाहिँ अनलाइन क्लास उताबाट सरहरूले बोलेको कुरा नसुनिने, हामीले बोलेको कुरा सरहरूले नसुन्ने, अनि कहिलेकाहीँ बत्ती गइदिने, गएपछि हतपत नआउने, समस्याहरू त कति छन् कति मेम" ।

दुर्गम क्षेत्रमा प्रविधिको पहुँच नपुगेको हुनाले दर्शनाचार्य कक्षा सुरु गर्नुभन्दा पहिले मोबाइलमा इन्टरनेट प्रयोग गर्न त्यति नआउने उनी बताउँछन् । अनलाइन कक्षा सञ्चालन गर्न थालेपछि सुरुसुरुका केही दिनमा उनलाई कक्षामा उपस्थित हुन समस्या हुँदा अरूको सहायता लिनु परेको सुरुको अनुभव यस्तो छ:

> ... मैले चैँ त्यो कसरी हो, के हो, केही थाहै थेन, एक-दुई दिन निकै चिन्ता नै भो ...हाम्रो साला उता ... बि.एस्सी.एजी.बाट... सामान्यतया उनलाई अनलाइन छिर्नेबारे था रैछ । ... त्यसपछि उनैको सहायताले कक्षामा प्रवेश गर्थें... ।

मोबाइलमा राम्रोसँग इन्टरनेट चलाउन नजान्ने रमेशका लागि भर्चुअल कक्षा नै प्रविधि सिक्ने बाध्यता, आवश्यकता र अवसर बन्यो । अनलाइन कक्षा सुरु हुनुपूर्व टङ्कन गर्न नजान्ने विद्यार्थीहरू टङ्कन सिक्दै प्रविधिमैत्री हुन थालेका छन् । उनले पनि यसै परिस्थितिमा नेपाली भाषामा टङ्कन गर्न सिकेका हुन् । अलिअलि टङ्कन सिक्न थाल्दै दर्शनशास्त्रको पहिलो आन्तरिक मूल्याङ्कन कार्य मोबाइलबाट रोमनमा टङ्कन गरी त्यसलाई अरूकै सहायतामा युनिकोडमा रूपान्तरण गरेर बुझाएको उनी बताउँछन् । एकातिर समयमा बुझाउनु पर्ने दबाव अर्कातिर रोमनमा टङ्कन गरी रूपान्तरण गर्नुपर्ने बाध्यताको भोगाइलाई उनी यसरी व्यक्त गर्दछन् :

> सुरुमा त ... मलाई चाहिँ टाइप गर्न केही नि आउँथेन । त्यो क्लास भएपछि चाहिँ बल्ल ल्यापटप छोएको, अनि पहिलो विकाश (नाम परिवर्तन) सरको चाहिँ टाइप गर्न नजानेर...(लामो सास लिँदै) सालालाई मोबाइलबाट रोमनमा

> म्यासेज लेख्ने तरिका केही था रैछ । अनि मैले भन्दै उनले इङ्लिस (रोमन) मा टाइप गर्दै नेपालीमा ट्रान्सलेट गरेर पठाको हो नि...।

नेपाली भाषामा टङ्कन गर्न सिक्दा रमेशले नेपाली युनिकोड नै सिकेका हुन् । उनलाई प्रिति लिपिमा टङ्कन गर्न आउँदैन तर नेपाली विषयका शिक्षकहरूले 'प्रिति लिपिमा मात्र गृहकार्य बुझाउनु होला' भन्दा झनै समस्या थपिएको उनको गुनासो यस्तो छ : 'प्रितिबाट त आउँदैआउँदैन मेम ! मलाई ... अहिले... तत्कालै यो सेमेस्टरसम्मलाई युनिकोडबाट नै गरौँला, ...अनि यो सेमेस्टरमा प्रिति त सिक्न भ्याइँदैन । अनि नि मेम... प्रविधिमैत्री त यै हैन र मेम ?'

भाषालाई प्रविधिमैत्री बनाउँदै लैजानुपर्छ भन्नुपर्ने अवस्थामा शिक्षकहरूले प्रिति लिपिमा मूल्याङ्कन कार्य बुझाउन लगाउँदा उनलाई अचम्म लागेको छ । नेपाल सरकारले नेपाली युनिकोडलाई मान्यता दिएर सरकारी कामकाजका लागि प्रयोग गर्ने घोषणा गर्दा र कार्यान्वयनमा ल्याइसक्दासम्म पनि प्रिति लिपिलाई अनिवार्य मान्ने शिक्षकको अडान त्यति सान्दर्भिक नभएको देखिन्छ । प्रिति लिपिभन्दा नेपाली युनिकोड नै प्रविधिमैत्री हुन्छ भन्ने तर्क उनले अगाडि सारेका छन् ।

प्रविधिमा अभ्यस्त नभएका कारण दिइएका कार्य समयमा पूरा गर्न नसकेको तथा टङ्कनमै धैरै समय खर्चिनुपर्दा अध्ययनमा बाधा पुगेको उनको अनुभव : "त्यही नि अहिले त एक घण्टा लगाएर कनीकुथी टङ्कन गर्दा चाहिँ एक पेज जति हुन्छ,... जसोतसो काम चलाउँदै छु । त्यो टाइपको समस्या एकातिर छँदै छ मेम, अनि पढाइका समस्या अर्कातिर छन्" ।

प्रविधिको ज्ञान त्यति नभएको र इमेलमा केही आएको छ कि भनेर हेर्ने बानी नपरेको हुनाले आन्तरिक मूल्याङ्कन कार्य बुझाउने अन्तिम मिति नै समाप्त भई छुटेको उनको अनुभव यस्तो छ :

> ... उहाँले चाहिँ म्यासेज छोड्नु भा रैछ । पाँच दिनको कि कतिको समय राखेर अनि अन्तिम डेडलाइन तोक्नु भा रैछ । त्यो मैले समयमा खबरै पाइनँ के मेम । अनि खबर नपाइसकेपछि फेरि उहाँले त्यो डेडलाइन गुज्रिएर नि खबर गर्नु भको रैछ । त्यो मेल पनि मैले चेक नगरेर, ... अनि मलाई मेल हेर्न नभ्याको, पछि मलाई अन्तिममा चाहिँ अमर (नाम परिवर्तन) सरले चाहिँ ... फोन गर्नुभो ।

यसरी शिक्षकले पठाएका इमेल हेर्न पनि उनलाई सुरुका दिनमा आफ्नै अनभिज्ञताका कारण निकै समस्या परेको देखिन्छ । इमेल आइडी बनाए पनि यसअघि समयसमयमा इमेल हेर्ने, पठाउने कार्यको अभ्यास नभएको हुनाले इमेल मार्फत हुने सञ्चारप्रति आफू अनभिज्ञ रहेको उनी बताउँछन् ।

मानिसले सिद्धान्तका कुरा पढेरभन्दा जीवनका व्यावहारिक भोगाइबाट बढी सिकेको हुन्छ । अहिले रमेश इमेल हेरी आवश्यकताअनुसार इमेल आदानप्रदान गर्न जानिसकेका छन् । उनी भन्छन्, "प्रविधि र परिस्थितिले चाहिँ मान्छेलाई सिकाउँछ भन्थे हो रहेछ ..."। उनी प्रविधि नजान्दा समस्या भएर चिन्तित हुनुभन्दा बढी सिक्ने अवसर पाएको कुरामा खुसी देखिन्छन् र बिस्तारै प्रविधिमैत्री बन्ने प्रयास गर्दै छन् ।

पुस्तकालयको अभाव र सन्दर्भ सामग्रीको अभावका कारण दिइएका कार्य समयमा पूरा गर्न र सन्दर्भ सामग्रीहरू अध्ययन गर्न विद्यार्थीहरूलाई समस्या परेको हुन्छ । रमेशको यस्तै अनुभव छ : "नेपालीमा केही नभेटिने क्या मेम अनि केही नभेटिँदा गाह्रो हुने छटपटि बढ्ने अनि सरहरूले नि केही सामग्री उपलब्ध नगराउने,... आफ्नो विषयमा केही छैन... समयमा कसरी गर्ने..., पढ्नै छोडूँ-छोडूँ भाछ" । यसरी उनमा छटपटी र चिन्ता थपिएको हुनाले गरिरहेको कार्य पनि समयमै र राम्रोसँग गर्न नसकेको अवस्था छ तर यस्तै समस्या अन्यत्रका अनुसन्धानले पनि देखाएका छन् । उदाहरणका लागि म्याक फर्सन, पञ्च र ग्राहम (सन् २०१७) ले पनि विद्यार्थीहरूलाई समयमा नै असाइनमेन्ट सक्ने चटारोमा आवश्यक र उपयुक्त सामग्री नभेट्ता चिन्ता बढेको बताएका छन् ।

उच्च शिक्षामा अध्ययनरत विद्यार्थीहरू पाठ्यक्रमले तोकेका सम्पूर्ण विषयको अध्ययन र अनुसन्धान कार्यका साथै प्रविधि पनि सिक्नुपर्ने हुनाले विभिन्न प्रकारका समस्या भेल्न बाध्य हुन्छन् । कतिपय विद्यार्थीहरू यसअघि कम्प्युटरसम्बन्धी सामान्य ज्ञान पनि नभएको र मोबाइलमा इन्टरनेट चलाउन पनि खासै नजानेको कुरा बताउँछन् । यस्ता समस्या कम गर्नका लागि सम्बद्ध निकायले भर्ना कार्यक्रम आह्वान गर्दा नै प्रविधि प्रयोगसम्बन्धी आवश्यक न्यूनतम सिप खुलाउनु आवश्यक छ । यसो गर्दा विद्यार्थीहरू त्यस सम्बन्धमा पहिले नै सचेत हुन्छन् र आवश्यक तयारी पश्चात् मात्र विश्वविद्यालयमा भर्ना हुन आउँछन् । केही प्रविधिसम्बन्धी अतिरिक्त कक्षाको आवश्यकता पनि पर्छ ।

नेपाली विषयका विद्यार्थीहरूमा मात्र होइन शिक्षकहरूमा पनि प्रविधिसम्बन्धी समस्या देखिएका छन् । त्यसैले अनलाइन कक्षाका माध्यमबाट पढ्दा त्यति प्रभावकारी नभएको उनको अनुभव छ । शिक्षकको प्रविधि प्रयोगका सन्दर्भमा उनी भन्छन्, "विषय शिक्षक पनि मोबाइलमा आउने, सामग्री केही नदिने, असाइन्मेन्ट पनि प्रिन्ट नै बुझाओ भन्ने...यहाँबाट यो परिस्थितिमा कसरी प्रिन्ट बुझाउन जाने" । मार्कदिर र गाइरिन (सन् २०२०) ले गरेको अध्ययनबाट पनि विश्वविद्यालयका शिक्षकहरूले प्रविधिको न्यून प्रयोग गर्ने गरेको औँल्याएका छन् । त्यसमा पनि प्राविधिक इतर सङ्कायमा यो समस्या बढी पाइएको छ । यस समस्याको समाधानका लागि संस्थागत संलग्नता मार्फत शिक्षकहरूको पेसागत विकासको सबलीकरणका लागि उचित रणनीतिक योजनाहरू बनाई कार्यान्वयन गरिनु आवश्यक छ ।

## मानसिक चिन्ता र नैतिक सङ्कट

व्यक्तिगत, पारिवारिक र संस्थागत रूपमा आइपर्ने विविध समस्याका कारण विद्यार्थीहरू तनावमा देखिन्छन् । एकैसाथ व्यावहारिक र पेसागत जीवन तथा शैक्षिक उन्नयनजस्ता विविध पक्षको व्यवस्थापन गर्नु चुनौतीपूर्ण कार्य हो । अझ उपत्यका बाहिर रहेका उच्च शिक्षा हासिल गर्न चाहने विद्यार्थीलाई बिदा मिलाउन सहज वातावरण नभएका कारण सङ्घर्ष नै गर्नुपर्ने हुन्छ । रमेश यसका एक प्रतिनिधि पात्र हुन् । "उतातिर क्याम्पसमा बिदा ...त्याँ नि सजिलैसँग नदिएको अवस्थामा क्याम्पस छोड्छु भनेपछि बल्ल तल्ल बेतलबी अ...मागेर आइसकेको है...एक वर्षदेखि तलब पाको छैन" । अध्ययन बिदाको प्रस्ताव स्वीकृत नभएको अवस्थामा उनले बिदा नदिए क्याम्पस नै छोड्ने सर्त राखेपछि बल्ल उनलाई बेतलवी बिदा दिएको तर करिब एक वर्षदेखिको तलब नपाएको उनी बताउँछन् । यस्ता घटनाहरूलाई हेर्दा त्रि.वि.ले जताततै क्याम्पस खोल्ने अनुमति मात्र नदिई आवश्यक अनुगमन गरी क्याम्पसहरू कसरी चलेका छन्, विद्यार्थी र कार्यरत शिक्षक, कर्मचारीका अवस्था केकस्ता छन् भन्ने कुरामा पनि ध्यान दिनुपर्ने देखिन्छ ।

कोभिड १९ ले विश्वभर असहज परिस्थिति बनेको बेलामा अनलाइन कक्षाले पढाइलाई निरन्तरता त दिएको छ तर यसका कारण विद्यार्थीमा केही समस्या पनि देखिएका छन् । रमेश भन्छन्, "घर पुगेको भए मेरो यो सेमेस्टर नै रोकिने रहेछ ।" कोभिड १९ का कारण नियमित कक्षा स्थगित भएपछि उनी घरतिर जाँदै गर्दा बाटोमै रोकिएका थिए । अनलाइन कक्षा सञ्चालनबारे खबर पाएपछि प्रविधिको ज्ञान नभएका कारण कक्षामा कसरी प्रवेश गर्ने भन्ने एक किसिमको चिन्ता थियो भने छिमेकीको घरमा पनि जान

नपाउने गरी निषेधित क्षेत्र घोषणा गरिएको अवस्थामा इन्टरनेट जडानको चिन्ताले अझ समस्या थपिएको उनी बताउँछन् तर इन्टरनेट जडानको काम सकेपछि पनि उनका चुनौतीहरू घटेनन् ।

विभिन्न पेसामा आबद्ध भएका उच्च शिक्षामा अध्ययनरत विद्यार्थीहरूले आफ्नो परिवार, आफन्त र कार्यरत संस्थामा जानकारी दिई समय व्यवस्थापनसहित अध्ययन सुरु गरेका हुन्छन् । रमेशले पनि 'पढ्दै छु' भन्ने जानकारी साथीभाइ र आफन्तलाई गराएका थिए । अध्ययनका लागि धेरै खर्च भइसकेकाले पढाइ छोड्न अप्ठ्यारो परेको र अगाडि बढ्न पनि कठिन अवस्थाको छटपटी उनी यसरी सुनाउँछन् :

> अन्य सबै कुरा छोडेर ...पढ्न त जान्छु' भनेर हिँडेको, अब त्यसै फर्किंदा पनि निकै गाह्रो-साह्रो हुने, अगाडि बढाउँ न त भन्दा पनि यस्तो बेहालको अवस्था छ, के गरी गर्ने होला भनेर चार-पाँच दिन त एकछिन आँखा झिमिक्क नगरी सुतियो । मनमा कुरा पनि यति खेल्यो कि मेम, भनेर साध्य नै छैन ।

यहाँ उनी आफ्नो पढाइलाई लिएर उनमा मानसिक तनाव र चिन्ता थपिई रातको निद्रा र भोक-तिर्खा नै बिर्सने स्थितिमा पुगेका देखिन्छन् । आगोला र अन्गोरी (सन् २००९); रेड्डी, मेनन र ठाट्टिल (सन् २०१८) तथा बारबायनिस, बन्दारी, झेङ, बाकेरिसो, पेकोर र मिङ (सन् २०२२) का अध्ययनहरूले विद्यार्थीमा उत्पन्न हुने मानसिक तनावका कारण उनीहरूको व्यक्तिगत तथा शैक्षिक जीवनमा नकारात्मक प्रभाव पर्नाका साथै मानसिक स्वास्थ्यमा पनि प्रतिकूल प्रभाव पर्दछ भन्ने देखाएका छन् । त्यसकारण मानसिक चिन्ता कम गराउनु आवश्यक छ । श्रीमान्को छटपटी हेर्न नसकेर उनकी पत्नीले 'ज्यानभन्दा पढाइ ठुलो कुरा होइन नि, नसके छोड्नुहोस्' भनेको कुरा पनि उनी बताउँछन् तर पढाइ छोड्दा साथीभाइ र आफन्तले के भन्लान् भन्ने उनमा एक किसिमको नैतिक सङ्कट पैदा भएको छ । उनले आफूलाई मात्र सम्झिएका छैनन्, आफूसँग जोडिएका आफन्त र समाजको इज्जत ढाक्नुपर्छ भन्ने पूर्वीय मान्यतालाई पनि पालना गरेको देखिन्छ ।

केही विषयको आन्तरिक मूल्याङ्कन कार्यप्रति विद्यार्थी सन्तुष्ट देखिँदैनन् । दिइएका कार्य नबुझाइएको अनि एकपटक पनि कक्षा प्रस्तुति नगरिएको अवस्थामा नै प्रथम आन्तरिक मूल्याङ्कनको ग्रेड आएको प्रसङ्ग जोड्दै उनी भन्छन्,

> के आधारमा हाम्रा कार्यको मूल्याङ्कन गरियो, मैले चाहिँ बुझ्न सकेको छैन, ... यस घटनापछि त मलाई पढ्न मन पटक्कै लागेको छैन, जति सम्झिए पनि

> चित्त बुझाउन गाह्रो भको छ, खै के गर्ने हो मेम, हाम्रो प्रस्तुति हेरेर बी माइनसभन्दा कम दिएको भए बरू चित्त बुझ्थ्यो ।

आन्तरिक मूल्याङ्कनको विश्वसनीयताप्रति स्नातकोत्तर तहका विद्यार्थीले प्रश्न उठाएका ( खनाल, सन् २०१९) भए पनि दर्शनाचार्य तहमै पनि यस्तो गुनासो आउनु विचारणीय छ । यस्ता कार्यबाट विद्यार्थीको शैक्षिक जीवनमा नकारात्मक प्रभाव पर्ने भएकाले यसप्रति शिक्षक सचेत रहनु आवश्यक छ ।

केही सामग्रीहरू अङ्ग्रेजी भाषामा पाइए पनि नेपाली भाषामा विषय मिल्दो सामग्री प्राप्त नभएका कारण आन्तरिक मूल्याङ्कन कार्य बुझाउन गाह्रो भएको रमेशको गुनासो छ । 'खै सरहरूले नि सामग्री नदिने, केही सोदेमा त्यो क्यारे, नेपजोल कि केमा हेर भन्नुभो । मैले त जानिनँ मेम ! सुनेकै भरमा असाइनमेन्टहरू गर्या छु नि मैले त । अनि कसरी पार लाउने जस्तो भा'छ'- उनी भन्छन् । शिक्षककहरूले आवश्यक पाठ्यसामग्री उपलब्ध नगराउने मात्र होइन सिफारिस पनि नगर्ने कुरा चिन्ताको विषय हो । धेरैपटक सामग्री माग्दा पनि शिक्षकको बिरोध गरेजस्तो होला कि भन्ने नैतिक सङ्कटमा विद्यार्थीहरू परेको कुरा उनको निम्न अनुभूतिबाट बुझ्न सकिन्छः 'सामग्री अभाव त छ नै, सरहरूले पढाउन आउँदा तयारी गरेका कुरा दिए त केही नहुने नि, ... । धेरै सोधिरहँदा पनि यो त कति बोल्दोरछ भन्ने हो कि, फेरि अङ्क घट्ने पो हो कि, भन्ने डर, ...।'

यहाँ चिन्ताको विषय भनेको सामग्री माग गरिरहने र सोधिरहने गर्दा विद्यार्थीप्रति शिक्षकमा नकारात्मक भावना आउने हो कि भन्ने रमेशलाई डर छ । शिक्षककहरूले आफ्ना लेखहरू मात्र पनि विद्यार्थीहरूलाई उपलब्ध गराउँदा उनीहरूका लागि ठुलो राहत मिल्न सक्छ । यसतर्फ शिक्षकको ध्यान जानु आवश्यक छ ।

## भाषिक चुनौती र कार्यको भार

नेपाली माध्यमबाट पढ्दै आएका र प्रायजसो नेपाली भाषाका पाठ्यपुस्तक मात्र पढी स्नातकोत्तर तहसम्म आइपुगेका नेपाली विषयका विद्यार्थीहरूले अंग्रेजी भाषामा भएका अनिवार्य विषयका धेरै लेखहरू पढ्नुपर्ने र पढेका कुरा कक्षामा प्रस्तुति पनि गर्नुपर्ने भएकाले भाषिक चुनौतीको सामना गर्नु परेको देखिन्छ । कतिपय विद्यार्थीहरू यसअघि अंग्रेजी भाषामा लेखिएका लेखहरू पढ्नुपर्छ भन्ने कुराप्रति अनभिज्ञ भएको बताउँछन् । रमेशलाई पनि नेपाली शिक्षामा दर्शनाचार्य तहको प्रवेश परीक्षा दिँदा मात्र अनिवार्य विषयहरू पढ्नुपर्छ, ती विषयका प्रश्नपत्रहरू अङ्ग्रेजी भाषामा नै आउँछन् भन्ने कुरा

थाहा भएको थियो । अन्तर्वार्ताका क्रममा उनले अङ्ग्रेजीमा पढ्नुपर्ने भए म शिक्षाशास्त्र सङ्कायमा उच्च शिक्षाका लागि भर्ना हुने थिइनँ भनेका छन् । यससम्बन्धी उनको अन्तर्वार्ताको एक अंश यस्तो छः

> यसरी चाहिँ कम्पलसरी विषय हुन्छन् भन्ने थाहा पाए, यस्तै कठिन हुन्छ भन्ने थाहा पाए... डिटेल कुरा मैले थाहा पाएकै थिएन । ... त्यहाँ परीक्षामा प्रश्नपत्र हेरेँ । त्यो अङ्ग्रेजीबाट सोधिएका दुईटा तीनटा प्रश्न थिए नि, त्यो त केही पनि बुझिएन ।

यस अभिव्यक्तिबाट उनले दर्शनाचार्य गर्ने अठोट गरिसकेपछि त्रि.वि.मा कुन-कुन सङ्कायमा केके विषयहरू हुन्छन्, ती सङ्कायमा कुन माध्यमबाट कुनकुन विषयमा कसरी अध्यापन कार्य हुन्छ भन्ने सामान्य कुराको जानकारी बिना भर्ना भएको बुझिन्छ । यसबाट दर्शनाचार्य तहमा अध्ययन गर्न आउने विद्यार्थीको सूचनाको जानकारी कस्तो छ र यसबारे सम्बद्ध निकायले विद्यार्थीलाई कति जानकारी गराएको छ भन्ने प्रश्न उठ्छ ।

**भाषिक समस्याले निम्त्याएको तनावः** नेपाली विषयका विद्यार्थीहरूलाई प्रवेश परीक्षादेखि नै अङग्रेजी भाषामा भएका प्रश्न नबुझेर समस्या उत्पन्न भएको देखिन्छ । रमेशकै शब्दमा :

> अङग्रेजीको त मैले केही बुझिनँ र छुँदै छोइनँ । फेरि दशजना चाहिने भनेको थ्यो, भइदियो कस्तो भने हामी नेपालीको आठजना मात्र थियौँ नि त ... अब पासमार्क नल्याए नि परिएला भन्ने एक किसिमको मानसिकता पहिले नै थियो त्यसैले अंग्रेजीको गर्दा नि गरिएन ।

यसरी अङ्ग्रेजी भाषामा भएका प्रश्नहरूको उत्तर नलेखे पनि रमेश दर्शनाचार्य पढ्न पाइन्छ भन्ने कुरामा विश्वस्त र ढुक्क भएको स्पष्ट हुन्छ । उनको यस अभिव्यक्तिले हाम्रो प्रवेश परीक्षामा नै प्रश्न उठाएको छ । विद्यार्थीले न्यूनतम उत्तीर्ण अङ्कसमेत नल्याउँदा पनि दर्शनाचार्य तहमा भर्ना पाइन्छ भन्ने मानसिकता राख्नुमा प्रवेश परीक्षा औपचारिकताजस्तो बन्न पुग्छ ।

नेपाली शिक्षाका विद्यार्थीहरूलाई अङग्रेजी भाषामा लेखिएका पुस्तक तथा लेखहरू पढ्नलाई समस्या हुन्छ । जति घोत्लिए पनि अर्थ नबुझिने हुनाले अनिवार्य विषयका धेरैजसो लेखहरू पढ्न नसकेको उनको गुनासो छ । भाषाकै कारण सिकाइमा कठिनाइ भएको उनी बताउँछन्, 'मैले आर्टिकल/लेखहरू पढ्नै चाहिँ क्यारे यसो अलिअलि

हेरिन्थ्यो केही चाहिँ बुझिन्न अनि नबुझेपछि *नजाने गाउँको बाटै नसोध्नु* भनेजस्तो केही बुझिन्थेन अनि त्यसलाई त्यत्तिकै छोड्थैं ।' यसरी उनलाई अंग्रेजी भाषामा भएका लेख पढ्न नआएपछि उखानको उदाहरण दिँदै चित्त बुझाउँछन् ।

धेरैजसो विद्यार्थीहरूसँग आफूलाई तुलना गर्दा लगभग ज्ञानको तह एउटै भए पनि उनीहरूभन्दा पछाडि परेको उनको अनुभूति छ : 'अरु साथीहरू र हामीमा खासै फरक त छैन मेम, तिनी नि उस्तै छन्, तेही भाषाको समस्या नभए त ... धेरै भाषा नै नबुझिने, त्यसैले गर्दा अरू विषयका भन्दा पछाडि पर्ने चाहिँ भाको छ ।' यसैगरी नेपाली विषयका विद्यार्थीहरू 'गुरुले तथा अन्य साथीहरूले के भन्नुहोला ?' भनेर कक्षामा बोल्न र नबुझेको कुरा सोध्न सङ्कोच मान्ने गरेको कुरा उनी बताउँछन् । उनले कतिपय शिक्षकहरूले पनि नेपाली विषयका विद्यार्थीहरू 'पाठ्यवस्तु बुझिएन भनी गनगन मात्र गर्छन्' भन्ने अभिव्यक्ति दिने गरेको बताउँछन् । भाषाका कारण यस्ता सोच आउने कुरा अन्यत्रका अध्ययनले पनि देखाएका छन् । इभ्रागिमोभा र तारासोभा (सन् २०१८) ले पनि भाषिक कठिनाइका कारण विद्यार्थीहरूको कक्षागत छलफलमा सहभागिता कम हुने कुरा उल्लेख गरेका छन् । शिक्षकले भाषाका कारण विद्यार्थीलाई पर्न सक्ने समस्यालाई स्विकार्दै केही हदसम्म सरलीकृत पठनपाठन गर्ने हो भने पनि कमजोर विद्यार्थीमा उत्साह थपिन सक्छ । विद्यार्थीहरूले पनि प्रयास गर्ने र शिक्षकले पनि विद्यार्थीको वैयक्तिक भिन्नताको ख्याल गर्दै उपचारात्मक विधि अपनाएको खण्डमा केही हदसम्म भाषिक समस्यालाई न्यूनीकरण गर्न सकिन्छ ।

अनिवार्य विषयका शिक्षकले पाठ्यसामग्री प्रशस्त दिने गरेका भए पनि भाषाका कारण अध्ययन गर्न कठिन भएको विषय रमेश यसरी उठाउँछन्....

> यो... अनिवार्यमा सरहरूले पठाका आर्टिकलहरू चाहिँ कहिले पढ्ने होला ? सरहरूले चैं पठाको-पठाइ गर्ने हामीले हेर्न नि भ्याइएन, चाङ्का चाङ् चैं ...भाका छन्, केही बुझ्या होइन, कुहिरोको कागै भइयो नि । ज्ञानको चाङ्लाई चैं कहिले माथि उठाउन नसकिएला..., यदि नेपाली भाषामा नै सबै सामग्रीहरू पढ्न पाको भए पहिलेभन्दा केही परिवर्तको महसुस गरिन्थ्यो कि, यो 'अंग्रेजीको भुत'ले सता छ ... ।

शिक्षकले दिएका सामग्री पढ्नुपर्ने र बुझेर अर्को कक्षामा प्रस्तुति दिनुपर्ने कार्यको भुतले नेपाली विषयका विद्यार्थीलाई साँच्चिकै तर्साउँछ। उच्च शिक्षाका विद्यार्थीहरूलाई भाषाका कारणले समस्या पर्छ भन्ने कुरा विभिन्न अध्ययनहरूले पनि देखाएका छन् । उदाहरणका

लागि भाषिक समस्याका कारणले प्राज्ञिक लेखनसम्बन्धी लेखहरू पढ्न र आलोचनात्मक विश्लेषण गर्न कठिन हुने कुरा कौर र सिधु (सन् २००९) ले पनि उल्लेख गरेका छन् ।

प्राविधिक, भाषिक तथा अन्य विविध समस्याका कारण पनि आफ्नो अध्ययनलाई निरन्तरता दिइरहेका विद्यार्थीहरूको मानसिक चिन्ता भाषाप्रयोगमा अलिअलि बानी पर्दै गएपछि केही कम भएको पाइन्छ । समस्याकै कारण धेरै पटक पढ्न छोड्ने निर्णयमा पुगेका रमेश पछिल्लो समयमा केही सकारात्मक देखिएका छन् । उनको सकारात्मक सोच यसरी अभिव्यक्त भएको छ:

> अब ...जे जस्तो सकिन्छ, जे जस्तो हुन्छ, के भन्छ नि 'जस्तो पर्छ उस्तै टर्छ' भने जस्तै ... टर्ला क्यारे । त्यसरी चाहिँ अघि बढ्नु पर्ला मिस, आजभोलि अलिअलि पोजेटिभ हुँदै छु... अनि पछि फेरि बिस्तारै आफैँ सम्झिएँ सबैलाई यस्तै होला, यतिकै अघि बढ्दै गइयो भने एम्.फिल्. पिएच्.डी. चाहिँ सकिएला । सजिलैसँग गर्न सकिने भए त कतिले-कतिले गर्ने थिए नि भन्ने सोचेँ ।

धैर्य भएर पढ्दै जाँदा सहज हुनेरहेछ, जस्तोसुकै समस्या आए पनि समाधान गर्न अगाडि सर्नुपर्छ भन्ने उनमा सकारात्मक विचारको विकास भएको देखिन्छ । जसरी भए पनि आफ्नो अध्ययनलाई अगाडि बढाउनुपर्छ भन्ने धारणा विकास भएपछि उनमा विस्तारै विद्यावारिधि पूरा गर्ने हिम्मत पलाएको छ ।

**कार्यको भार :** नेपाली विषयका विद्यार्थीहरू मात्र होइन अन्य विषयका विद्यार्थीहरू पनि पाठ्यक्रममा तोकिएका र शिक्षकले दिने कार्यहरू समयमा बुझाउन कठिन भएको बताउँछन् । त्यसमा पनि नेपाली विषयका विद्यार्थीहरूलाई भाषिक चुनौती भएका कारण अझ समस्या थपिएको र अध्ययन कार्यको चाप पनि बढी भएको पाइन्छ । यसै प्रसङ्गमा रमेश भन्छन्,

> रातभर उठ्दै बाहिर जाँदै सुत्दै अनि पानी खायो-सुत्यो है मेम, अनि यसो फेरि केके गर्यो त्यता पनि खटपट भएर गर्न मन नलाग्ने अनि ... कताकता चाहिँ एक किसिमको नैराश्य आयो कि मेम अब जे भए पनि छोड्नु पर्छ, जे हुन्छ-हुन्छ भनेर मैले चाहिँ सोच नि बनाथेँ ।

अत्यधिक कार्यभारले उच्च शिक्षाका विद्यार्थीहरू प्रभावित हुने कुरा कौर र सिधु (सन् २००९) को अध्ययनले देखाएको छ । यसैगरी लटन (सन् २०१९) मा उल्लेख भएअनुसार उच्च शिक्षामा अध्ययन गर्ने ८०% विद्यार्थीहरूमा मानसिक तनाव र चिन्ता पाइएको

तथा प्रत्येक १० जना विद्यार्थीमध्ये ९ जनाले तनाव महसुस गर्छन् । रमेश पनि पाठ्यसामग्रीको खोज, अध्ययन, विश्लेषण, कक्षा प्रस्तुति, असाइनमेन्ट बुझाउने चटारोका कारण पढाइ नै छोड्नेसम्मको अवस्थामा पुगेको देखिन्छ। यस प्रकारका तनावको कुरा बारबायनिस, बन्दारी, भ्रेन, बाकेरिसो, पेकोर र मिङ (सन् २०२२) को अध्ययनमा पनि उल्लेख छ । उनीहरूका अनुसार विविध कार्यले विद्यार्थीहरूमा शैक्षिक दबाब सिर्जना हुने र यसले मानसिक स्वास्थ्यमा पनि प्रत्यक्ष प्रभाव पार्ने गर्दछ । यहाँ एउटा कार्य गर्न नभ्याई अर्कोअर्को थपिँदै जाने र समय व्यवस्थापन गर्न नजान्दा पनि उनीलाई कार्यको भार परेजस्तो देखिन्छ । एकैचोटि उच्च शिक्षामा आएर कक्षामा अनिवार्य उपस्थित हुनुपर्ने, कक्षाप्रस्तुति र परियोजना कार्यहरू अनिवार्य रूपमा गर्नुपर्ने, आन्तरिक मूल्याङ्कन कार्य पनि उत्तिकै गर्नुपर्ने, प्रत्येक विषयका एकमाथि अर्को कामको चाप थपिने, पढाइसँगै प्रविधि पनि सिकिरहेका हुनाले यस किसिमका समस्या आएको हुनुपर्छ । लरेन्सेल र स्कानलेन (सन् २०१८) को विचारमा उच्च तहका विद्यार्थीहरूले सिकाइसँगै पारिवारिक दायित्व र भूमिका पनि उत्तिकै महत्त्वका साथ निभाउनुपर्ने भएकाले उनीहरूलाई पारिवारिक र शैक्षिक कार्यका भारको सन्तुलन मिलाउन गाह्रो हुन्छ; फलस्वरूप विद्यार्थीहरूलाई अत्याधिक कार्यको भार पर्न जान्छ । त्यसैले उच्च शिक्षाका विद्यार्थीहरूले प्रारम्भिक अवस्थादेखि नै समय व्यवस्थापन गर्दै अघि बढ्ने हो भने केही हदसम्म यस प्रकारका समस्याबाट मुक्ति पाउन सकिन्छ । रेड्डी, मेनन र ठाट्टिल (सन् २०१८) का अनुसार यसप्रकारका समस्याले मानसिक स्वास्थ्यमा असर पर्ने भएकाले यस प्रकारका समस्या समाधानका लागि अभिमुखीकरण, परामर्श कक्षा सञ्चालन गर्नु उपयुक्त हुन्छ ।

## अध्ययनको उपयोगिता

यस अनुसन्धानका शैक्षिक, नीतिगत तथा व्यवस्थापकीय उपयोगिताहरू रहेका छन् । यस अध्ययनले विद्यार्थी, शिक्षक, शिक्षाशास्त्र सङ्काय, पाठ्यक्रम निर्माता तथा अन्य सरोकारवाला पाठकलाई महत्त्वपूर्ण पृष्ठपोषण प्रदान गर्न सक्छ । सर्वप्रथम त विद्यार्थीलाई दर्शनाचार्य तहको अध्ययनमा केकस्ता कार्य गर्नुपर्दो रहेछ, केकस्ता कठिनाइ आइपर्दा रहेछन् भन्ने पूर्वजानकारी हुने भएकाले पूर्वतयारी गरेर दर्शनाचार्य कार्यक्रममा भर्ना हुनका लागि यस अनुसन्धानले सघाउ पुऱ्याउँछ । अध्ययन गर्नुपूर्व विद्यार्थीले शैक्षिक र प्राविधिक रूपले आफूलाई सबलीकरण गर्दै समय व्यवस्थापनका बारेमा पनि निश्चित धारणा निर्माण गर्न सक्छन् । यसैगरी सम्बन्धित तहका प्राध्यापकलाई यस अध्ययनबाट

विद्यार्थीले भोगिरहेका समस्या र चुनौतीहरू तथा यसबाट उनीहरूको व्यक्तिगत साथै शैक्षिक जीवनमा पर्ने प्रभावको बारेमा महत्त्वपूर्ण पृष्ठपोषण प्राप्त हुने भएकाले विद्यार्थीमैत्री बन्दै सहज शिक्षण सिकाइ सञ्चालन गर्ने, समयसँगै आफूलाई पनि प्रविधिमैत्री बनाउने लगायतका कार्य गर्न यस अध्ययनले सघाउ पुऱ्याउने अपेक्षा गरिएको छ ।

पाठ्यक्रम तथा पाठ्यवस्तुको प्रभावकारिताको जमिनी यथार्थताका बारेमा अन्तर्दृष्टि प्राप्त गरी आवश्यक निर्णय लिन पाठ्यक्रम निर्मातालाई यस अध्ययनले महत्त्वपूर्ण पृष्ठपोषण प्रदान गर्छ । पाठ्यक्रम निर्माण गर्दा विद्यार्थीको क्षमता र स्तरको ख्याल गर्दै पाठ्यसामग्रीको उपलब्धतालाई पनि ध्यान दिन यस अध्ययनले सम्बद्ध पक्षलाई सचेत बनाउँछ । विद्यार्थीले भोगिरहेका समस्याका बारेमा सम्बद्ध निकायलाई केही मात्रामा भए पनि अन्तर्दृष्टि प्राप्त हुने भएकाले आवश्यक र उपयुक्त कदम चाल्न यो अनुसन्धान उपयोगी हुन्छ । नेपाली विषयका साथै सबै विषयका विद्यार्थीको समस्यालाई न्यूनीकरण गर्नलाई आवश्यक व्यवस्था मिलाउने कार्य गर्न सक्छ । यसका साथै बेलाबेलामा विद्यार्थीबाट पृष्ठपोषण लिएर उपचारात्मक कार्य गर्न पनि सहयोग पुग्छ । अन्य पाठक वर्गलाई पनि दर्शनाचार्य तहका विद्यार्थीको सङ्घर्ष र चुनौतीहरू बुझ्नका लागि यो लेख उपयोगी सामग्री बन्छ । अन्त्यमा, यस अनुसन्धानले यस क्षेत्रमा अनुसन्धान गर्न चाहने अनुसन्धाताहरूका लागि थप अनुसन्धानका क्षेत्रहरू पहिचान गर्न र अनुसन्धान गर्न पनि प्रेरित गर्न सक्छ ।

## निष्कर्ष

दर्शनाचार्य नेपाली शिक्षाका दर्शनाचार्य तहका विद्यार्थीहरूले भोगेका प्रमुख समस्यामा प्रविधिसम्बन्धी समस्या, भाषिक समस्या र कार्यको भार पर्दछन् भन्ने कुरा यस अध्ययनले देखाएको छ । प्रविधिका कारण सुरुका दिनमा धेरै समस्या परे पनि पछिल्ला दिनहरूमा प्रविधि सिक्ने क्रमसँगै क्रमशः समस्या कम हुँदै गएको हुनाले सहभागीमा पहिलेको तुलनामा प्रविधिगत रूपान्तरण भएको देखिन्छ । भाषिक समस्या कम गर्न अंग्रेजी भाषामा भएका लेखहरू विभिन्न विकल्पहरू अपनाएर पढे पनि परीक्षामा प्रश्नहरू नै नबुझेर उत्तर लेख्नबाट वञ्चित हुन नपरोस् भन्नका लागि अनिवार्य विषयका प्रश्नपत्रलाई नेपाली र अंग्रेजी दुवै भाषामा राख्न सम्बन्धित निकायले ध्यान दिनु आवश्यक देखिन्छ ।

समय व्यवस्थापन गर्न नसक्नु विद्यार्थीहरूको अर्को प्रमुख समस्या रहेको छ । वार्षिक परीक्षा प्रणालीमा परीक्षाकै बेला अलिअलि किताब हेरे मात्रै पनि कक्षोन्नति हुँदै आएका

विद्यार्थीहरूलाई एकैचोटि धेरै आलेख पढ्ने र लेख्ने लेखिएका रचनालाई स्तरीय र प्राज्ञिक बनाउनुपर्ने, आफ्ना व्यावहारिक कुराहरूका साथै अध्ययनको समय व्यवस्थापन गर्नुपर्ने हुनाले उनीहरूलाई अत्यधिक कार्य बोझ पर्ने गरेको देखिन्छ । सुरुदेखि नै समय व्यवस्थापन गरेर योजनाबद्ध रूपले अघि बढ्ने हो भने विद्यार्थीहरूलाई एकै पटक कार्यको भार कम हुने हुनाले मानसिक दबाब पनि केही हदसम्म कम हुन सक्छ । नेपाली शिक्षामा उच्च शिक्षा हासिल गरिसकेका र गर्दै गरेका अनुसन्धाताहरूले अनुसन्धानका नयाँ पद्धतिहरूप्रति खासै चासो नदेखाएकै कारण नेपाली भाषामा भएका अध्ययनहरूले नयाँ बाटो समाउन नसकेका र नेपाली विषयमा लेखिएका न्यून मात्रामा पाइने अनुसन्धानहरू पनि पुरानै प्रकृतिका हुने गरेका छन् । त्यसैले उच्च शिक्षाका विद्यार्थीहरूलाई नेपाली भाषामा लेखिएका सन्दर्भ सामग्रीको अभाव भएको देखिन्छ ।

नेपाली शिक्षा, दर्शनाचार्य तहका विद्यार्थीहरूले उच्च शिक्षालाई कुन रूपमा अनुभव गरिरहेका छन्, उनीहरू केकस्ता समस्याहरूसँग जुँधिरहेका छन् भन्ने कुरा बुझ्न र त्यस्ता समस्याहरू समाधान गर्नका लागि सम्बन्धित निकायलाई आवश्यक पहलकदमी लिनका लागि यस्ता अध्ययन, अनुसन्धान उपयोगी हुन सक्छन् । अध्ययन, अनुसन्धान र अध्यापनको कार्यशैलीलाई समयअनुसार परिवर्तन नगर्दा शिक्षण, सिकाइ र अनुसन्धान प्रभावकारी हुन सक्दैनन् । त्यसैले आफूलाई समयानुकूल रूपान्तरण गर्न सके सम्बद्ध तहका लक्षित उद्देश्य सहज रूपमा पूरा हुने अपेक्षा गर्न सकिन्छ ।

## सन्दर्भसूची

खनाल, पेशल (२०७४), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाडौँ : सनलाइट पब्लिकेसन ।

खनाल, राजेन्द्र (सन् २०१९), *सेमेस्टर प्रणालीको आन्तरिक मूल्याङ्कनप्रति विद्यार्थी दृष्टिकोण, Education Quarterly*, 3(1), P.143-156.

Agolla, Joseph E. & Ongori, Henry (2009). An assessment of academic stress among undergraduate students: The case of University of Botswana. *Educational Research and Review*, 4 (2), P.63-70. https://doi.org/10.5897/ERR.9000031

Barbayannis, Georgia; Bandari, Mahindra; Zheng, Xiang; Baquerizo, Humberto; Pecor, Keith W.; & Ming, Xue (2022). Academic stress and mental well-being in college students: correlations, affected

groups, and COVID-19. *Frontiers in Psychology*. doi: 10.3389/fpsyg.2022.886344

Boeije, Hennie A. (2002). A purposeful approach to the constant comparative method in the analysis of qualitative interviews. *Quality and Quantity*, 36, 391–409. https://doi.org/10.1023/A:1020909529486

Braun, Virginia & Clarke, Victoria (2006): Using thematic analysis in psychology. *Qualitative Research in Psychology*, 3 (2), 77-101. doi: 10.1191/1478088706qp063oa

Charmaz, Kathy. (2006). *Constructing grounded theory: a practical guide through qualitative analysis*. London: SAGE Publications.

Coles, Robert. (1989). *The call of stories: teaching and the moral imagination*. Boston: Houghton Mifflin.

Connelly, F. Michael & Clandinin, D. Jean. (1990). Stories of experience and narrative inquiry. *Educational Researcher*, *19*(5), 2–14. https://doi.org/10.3102/0013189X019005002

Creswell, John W. (2007). *Qualitative inquiry and research design: Choosing among five approaches* (2nd ed.). New Delhi: SAGE Publications.

Doygun, Ozlem & Gulec, Selma (2012).The problems faced by university students and proposals for solution. *Procedia Social and Behavioral Sciences*, 47, 1115 – 1123.

Glaser, Barney G. & Strauss, Anselm L. (2006). *The discovery of grounded theory: Strategies for qualitative research*. Chicago: Aldine Transaction.

Ibragimova, Elmira R. & Tarasova, Ayziryak N. (2018). Language-related problems of international students of Elabuga Institute of Kazan Federal University. *Revista Espacios*, 39 (2). https://www.revistaespacios.com/a18v39n02/18390218.html .

Kaur, Sarjit & Sidhu, Gurnam Kaur. (2009). A qualitative study of postgraduate students' learning experiences in Malaysia. *International Education Study,* 2(3), 47-56. doi: 10.5539/ies.v2n3p47

Laurencelle, Francine & Scanlan, Judith. (2018). Graduate students' experiences: developing self-efficacy. *International journal of nursing education scholarship*, 15(1), 23-54.

Lawton, Georgina (2019, May 31). Why are students at university so stressed? *The Guardian*. https://www.theguardian.com/education/2019/may/31/why-are-students-at-university-so-stressed.

McPherson, Charlotte; Punch, Samantha; & Graham, Elizabeth (2017). Transitions from undergraduate to taught postgraduate study: emotion, integration and belonging. *Journal of Perspectives in Applied Practice*, 5(2), 42-50.

Mercader, Cristina & Gairín, Joaquín (2020). University teachers' perception of barriers to the use of digital technologies: the importance of the academic discipline. *International Journal of Educational Technology in Higher Education*, 17(4). https://doi.org/10.1186/s41239-020-0182-x

Reddy, K. Jayasankara; Menon, Karishma Rajan & Thattil, Anjana (2018). Academic stress and its sources among university students. *Biomedical and Pharmacology Journal*, 11(1), 531-537. http://dx.doi.org/10.13005/bpj/1404.

Thomas, David R. (2006). A general inductive approach for analyzing qualitative evaluation data. *American Journal of Evaluation*, 27(2), 237-246.